# National News

## 2/06/2024

**मुख्य समाचार:-**

1. प्रधानमन्त्रीले सिक्किम क्रान्तिकारी मोर्चा पार्टीलाई दिनभयो विजयको बधाई।
2. देशमा तीव्र गर्मीको स्थितिको समीकक्षा गर्न बस्यो बैठक
3. अरूणाचल प्रदेश र सिक्किममा मतगणनाको मिल्यो सबै परिणाम
4. निजी टिभी च्यानल र अन्य एजेन्सीको एक्जिट पोल आँकडा गरयो खारेज

**प्रधानमन्त्री - सिक्किम चुनाव**

प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सिक्किम क्रान्तिकारी मोर्चा र सिक्किमका मुख्यमन्त्री श्री प्रेम सिंह तामांगलाई विधानसभा चुनावम जीतका लागि बधाई दिनुभयो। सोशल मीडिया पोस्टमा उहाँले सिक्किमको प्रगतिलाई अघि बढ्ाउनका लागि राज्य सरकारसंग काम गर्न उत्सुक रहेको बताउनु भयो। श्री मोदीले सिक्किम विधानसभा चुनावमा भाजपा कार्यकर्ताको प्रयासको पनि प्रसंशा गर्नुभयो। उहाँले भन्नुभयो भाजपा सिक्किमको विकास र मानिसको आकांक्षालाई पूरा गर्ने दिशामा काम गर्न सधै सबैभन्दा अघी रहनेछ।

**प्रधानमन्त्री इण्डी गठबन्धन**

प्रधनमन्त्री श्री नरेन्द्र मोदीले भन्नुभएको छ, अवसरवादी इन्डिया गठबन्धन मतदातासँग आफुलाई जोड्नमा नाकाम रह्यो। उहाँले भन्नुभयो, यस गठबन्धनको उद्देश्य राजपरिवारको हितको रक्षा गर्नु थियो र यसको छेउका देशको भविष्यको कुनै स्पष्ट रूपरेखा थिएन। श्री मोदीले भन्नुभयो, चुनाव प्रचार अन्तर्गत इन्डिया गठबन्धन उहाँको आलोचना गर्नमा नै केन्द्रित रहेको छ र यस नकारात्मक राजनीतीलाई जनताले खारिज गरेका छन्।

**पीएम - भीषण गर्मी बैठक**

प्रधानमन्त्रीले आज देशमा तीव्र गर्मीको स्थितीको समीक्षाका लागि एउटा बैठक गर्नुभयो । बैठकमा प्रधानमन्त्रीलाई मौसम विभागको पूर्वोनुमान अनुसार जानकारी दिएको छ कि राजेस्थान, गुजरात र मध्य प्रदेशमा भीषण गर्मी जारी रहने सम्भावना छ। यस वर्ष मनसून सामान्य रहने सम्भावना छ र देशका अधिकतर भागमा सामान्य भन्दा अधिक वर्षा हुन सक्छ जबकि प्रायद्वीपीय भारतको केही भागमा सामान्य भन्दा कम वर्षा हुन सक्छ ।
प्रधानमन्त्रीले निर्देश दिनु भयो, आगोसँग सम्बन्धीत घटनासंग जुझ्ने र उहाँलाई रोक्नका लागि

पर्याप्त अभ्यास नियमित तरीकामा अवश्य गरिनु पर्छ। अग्नि जाँच र अस्पताल तथा अन्य सार्वजनिक स्थानमा पर बिजुली सुरक्षाको जाँच नियमित तरिकामा अवश्य गरिनु पर्दछ।

लोकसभा-मतगणना

यस वर्षको लोकसभा चुनाव, आन्ध्र प्रदेश अनि ओडिशाको विधानसभा चुनाव तथा केही अन्य विधानसभा सीटको उप-चुनावका लागि मतगणना चार जूनमा बीहान आठ बज ी शुरू हुनेछ । निर्वाचन आयोगले मतगणना तयार ीको समीक्षा गरेको छ । आयोग अनुसार, मतगणनाको के रुझान र परिणाम निर्वाचन आयोगको वेबसाइट रिजल्ट्स डट ई.सी.आई डट जी.ओ.वी डट इन र भोटर helpline एपमा उपलब्ध हुनेछ।

मतगणना परिणाम-8

अरुणाचल प्रदेश अनि सिक्किममा विधानसभा चुनावको मतगणनाको सबै परिणाम मिल ेको छ। अरुणाचल प्रदेशमा भारतीय जनता पार्टीले सत ्ता बरकरार र ाख ेको छ। सिक्किममा सत्तारूढ सिक्किम क्रान्त ीकारी मोर्चाको एकतरफ ी जीत भएको छ। अरुणाचल प्रदेशमा भारतीय जनता पार्टीले छत्तिस सिटमा जीत हासिल गरेको छ । पाँच सीट नेशनल पीपल्स पार्टीको खातामा गएको छ । पीपल्स पार्टी अफ अरुणाचललाई दुई, एन.सी.पी लाई तीन, निर्दलीय उम्मेदवारलाई तीन र कांग्रेसलाई एक सीट मिलेको छ। साठ्ठी सदस्यको विधानसभामा भाजपाले दस सीट निर्विरोध जीतेको छ ।
सिक्किममा सबै बतीस सीटको परिणाम मिलेको छ। सिक्किम क्रान्तिकारी मोर्चाले एकतीस सीट जीतेको छ। एक सीट सिक्किम डेमोक्रेटिक फ्रन्टलाई प्राप्त भएको छ । राज्यमा बतीस सीटमा मतदान भएको थियो। यी विधानसभाको कार्यकाल आज समाप्त भएको छ। पूर्वोत्तरका यी दुबै राज्यमा विधानसभा र लोकसभा चुनावका लागि उन्नाइस अप्रेलमा भोट भएको थियो।

एक्जिट पोल-कांग्रेस

कांग्रेसले लोकसभा चुनाबारे केही प्राइवेट टीवी च्यानल र अन्य एजेन्सीको एक्जिट पोल आंकडा खारिज गरेको छ। कांग्रेसका वरिष्ठ नेता श्री जयराम रमेशले भन्नुभयो, एक्जिट पोल फर्जी छ। उहाँले दोहोराउनु भयो, इण्डिया गठबन्धन लाई दुई सय पन्चानब्बै सीट मिलेको छ । श्री जयरामले भन्नुभयो, सबै दलका नेता राज्यभरिको विश्लेषण पछि यस निष्कर्षमा पुगेको छ एनडीए गठबन्धनलाई दुई सय पन्चानब्बै सीट मिलेको छ। उहाँले आरोप लगाउनु भयो, एक्जिट पोलको परिणाम भाजपाको मनोवैज्ञानिक खेल हो, जो हाम्रा नेता र कार्यकर्ताको विश्वास डिगाउन का लागि मनोवैज्ञानिक दबाव दिने प्रयास छ, तर यस्तो हुनेछैन ।

## निर्वाचन आयोग-केन्द्रीय बल

निर्वाचन आयोगले चुनाव पछि कुनै प्रकारको हिंसा रोक्नका लागि राज्यलाई केन्द्रीय सुरक्षा बल उपलब्ध गराएको छ। आयोगले यो निर्णय राज्य अनि केन्द्रीय पर्यवेक्षक आकलनका आधारमा लिएको छ। आन्ध्रप्रदेश र पश्चिम बंगालमा मतगणना पछि पन्ध्र दिनका लगि सुरक्षा बल उपलब्ध गराइएको छ। उत्तर प्रदेश, ओडिशा, सिक्किम अनि अरुणाचल प्रदेशमा मतगणनाको दुई दिन पछि सम्म सुरक्षा बल तैनाथ रहनेछन् ।

## भारत-क्यूबा सहायता

भारतको क्यूबालाई मानवीय सहायताका तौरमा दवाई निर्माणमा प्रयुक्त नौ सामग्रीको नब्बै टन खेप पठाइएको छ। भारतमा बनिएका यी सामग्रीलाई गुजरातको मुन्द्रा बन्दरगाह पठाइएको छ। विदेश मन्त्रालयका प्रवक्ता श्री रणधीर जायसवालले सोशल मीडिया पोस्टमा भन्नुभयो, यी सामग्रीसँग आवश्यक दवाईको निर्माणमा सहयोग मिल्छ। उहाँले भन्नुभयो यो सहायता, एक प्रमुख दवाईले आपूर्तिकर्ता देशका रूपमा भारतको पहिचान हुन्छ र भारत-क्यूबा सम्बन्ध प्रति भारतको प्रतिबद्धता पनि दर्शाउँछ।

## पंजाब ट्रेन दुर्घटना

पंजाबको फतेहगढ साहिबमा आज तडके लुधियाना-अम्बाला मुख्य रेल मार्गमा दुईबटा मालगाडी ठोकीएको छ । यस दुर्घटनामा दुबै ट्रेन ड्राइवर गम्भीर रूपमा घाइते छन् उत्नीहरूलाई पटियालामा भर्ती गरिएको छ। दुर्घटना त्यस समयको हो, जब न्यू सरहिन्द रेल स्टेशन छेउ एउटा मालगाड़ी र पटरीमा अघाडी उभिएको अर्को मालगाडीसँग ठोकिएको छ। दुर्घटनाले रेलवे ट्र्याक लाई नोक़सान पुगेको छ अनि मरम्मतको काम जारी छ।

## टी-ट्वेन्टी विश्व कप

टी-20 क्रिकेट विश्व कप आजदेखि अमेरीकाको डलासमा शुरु भएको छ । टूर्नामेन्टको पहिलो म्याच यस समय क्यानेडा र अमेरीका बीच खेलिँदैछ। क्यानेडाले पहिलो बल्लेबाज़ी गर्दै अमरीकालाई जीतका लागि एक सय पन्चानब्बै रनको लक्ष्य दिएको छ। यस अघि, वार्म-अप श्रृंखलामा, अमेरीकाले बांगलादेशलाई दुई – एकले अनि क्यानेडालाई चार-शून्यले पराजित गरेको छ । टूर्नामेन्टमा बीस टीमले भाग लिएका छन् । मेज़बान अमरीकाले पहलो पल्ट यस टूर्नामेन्टमा भाग लिँदैछ। प्रतियोगिताका केही म्याच वेस्टइण्डीज़मा हुनेछ।

दिल्ली- दिल्ली पुलिस क्रिकेट

युवाहरूलाई अपराधबाट टाडा राख्नका लागि दिल्ली पुलिसले आज राजधानीको तिकोना पार्कमा एउटा क्रिकेट म्याचको आयोजना गरयो । दिल्ली पुलिसको उत्तर पूर्वी शाखाद्वारा आयोजित यस म्याचमा ईस्ट जनता मजदूर क्लबका युवाहरूले  भाग लिए। पुलिसले बताए अनुसार खेलका अतिरिक्त युवालाई सही बाटो देखाउने र उनीहरूलाई राम्रो भविष्यका लागि उत्तर-पूर्वी जिल्लामा लगातार प्रयास गरिरहेका छन्।

राष्ट्रपति श्रद्धान्जली-शब्द

राष्ट्रपति श्रीमती द्रौपदी मुर्मुले मध्यप्रदेशको शिवपुरमा नौका दुर्घटनामा नानीहरू सहित दुर्य़घटनमा परेका  केही अन्य मानिसको मृत्युमा शोक व्यक्त गर्नुभएको छ। मृतकहरूमा नानीहरू पनि शामेल छन् । राष्ट्रपतिले मारिएका मानिसका परिवार प्रति सम्वेदना प्रकट गर्नुभएको छ र घाइते भएकाहरूलाई छिट्टै स्वास्थ्य हुने कामना गर्नुभएको छ ।